बैठक संख्या -४८

आज मिति २०७७१०११ गतेको दिन यस उत्तरगया गाउँपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री उपेन्द्र लम्साल ज्यू को अध्यक्षतामा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी तपशिलका प्रस्ताव उपर छलफल तथा निर्णयहरु सर्वसम्मती बाट पारित गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| उपेन्द्र लम्साल | अध्यक्ष |
| चमेली गुरुङ | उपाध्यक्ष |
| बम बहादुर तामाङ | वडा अध्यक्ष |
| खुवाबहादुर गुरुङ | वडा अध्यक्ष |
| लालबहादुर तामाङ लामा | वडा अध्यक्ष |
| केशर बहादुर बुलुन | वडा अध्यक्ष |
| इश्वर थापा | वडा अध्यक्ष |
| शान्ता गलान | सदस्य |
| कृष्ण कुमारी नेपाली | सदस्य |
| सिता भट्ट | सदस्य |
| विन्दा रैला | सदस्य |
| ज्ञानु विक | सदस्य |
| तिर्थ बहादुर घले | सदस्य |
| अर्जुन खड्का | सदस्य सचिव |

Scanned with CamScanner

**प्रस्तावहरु**

प्रस्ताव नं. १ ५(पाँच) शैयाको आधाभूत अस्पताल स्थापना गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २ आ.व. ०७७०७८ को विनियोजन ऐन उपर छलफल गरी विनियोजन ऐनमा समायोजन तथा संशोधन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ एम्बुलेन्स सन्चालन कोषमा रकम विनियोजन (रकमान्तर) गर्ने सम्बन्धमा

पस्ताव नं. ४ कार्यविधि पास गर्ने सम्बन्धमा ।

प्रस्ताव नं ५ भत्सना गर्ने सम्बन्धमा

प्रस्ताव नं ६ बहुक्षेत्रीय पोषणको बार्षिक कार्ययोजना स्वीकृत सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १ प्रस्ताव नं. १** माथि छलफल गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं ५०२ मिति २०७७।०९।२१ गतेको पत्रानुसार यस गाउँपालिकामा पाँच शैयाको आधारभूत अस्पताल तोकिए बमोजिमको मापदण्ड पुरा गरी सम्बन्धित निकायमा सिफारीस गरी पठाउन सर्वसहमतबाट निर्णय गरियो । साथै आधारभूत अस्पताल बनाउन ततकालै तपसिलका कार्य गर्ने निर्णय गरियो ।

**तपसिल**

(क) आधारभूत अस्पताल बनाउने स्थान उत्तरगया ५ स्थित सामुदायीक स्वास्थ्य भवन रहेका ठाउँ बोगटीटार वा गाउँपालिका रहेको स्थान खाल्टे (वगर),पौरवेशी वा लहरेपौवा पालेको बन क्षेत्र मध्ये कुनै एक उपयुक्त स्थान कार्यालयबाट छनोट गरी डी.पी.आर बनाउने कार्यलाई अगाडी बढाउने ।

(ख) उक्त अस्पताल निर्माण गर्न गा.पा को परामर्श बजेट शिर्षकबाट रु. ५ लाख छुट्याउने वा सो बजेटमा लागत साझेदारी गर्न सम्बन्धित निकायमा पत्राचार गर्ने र तालग साझेदारी हुन नसकेमा गाउँपालिकाबाट नै कार्य सम्पन्न भए पश्चात् बढीमा रु. ५ लाख सम्म भुक्तानी दिने साथै तत्कालै डी.पी.आर को प्रकृया अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २ प्रस्ताव नं २** माथि छलफल गर्दा आ.व. ०७७०७८ मा खर्च गर्न छुट्याईएको विनियोजन ऐन उपर छलफल गरी विनियोजन ऐनको खर्च शिर्षकमा समायोजन वा संशोधन सहित परिमार्जन भएको

Scanned with CamScanner

प्रस्तावलाई गाउँसभामा पेश गर्ने साथै अल्या (संचित) तर्फ रहेको रकमलाई बजेट शिर्षकगत रुपमा खर्च गर्न प्रस्ताव तयार भएकाले उक्त प्रस्तावलाई स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ प्रस्ताव नं ३** माथि छलफल गर्दा एम्बुलेन्सको खर्च व्यवस्थापनका लागि गाउँपालिकाको विपत व्यवस्थापन कोषबाट उत्तरगया गाउँपालिका एम्बुलेन्स सन्चलन तथा व्यवस्थापन कोषमा रु. १०००००।०० ( अक्षेरुपी एक लाख रुपया मात्र) रमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ प्रस्ताव नं ४** माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत कार्यन्वयन गर्ने गरी तपसिल बमोजिमका कार्यविधिहरु सर्वसम्मतिबाट पास गर्ने निर्णय गरियो ।

**तपसिल**

(क) आपतकालिन बालउद्धार कोष (सञ्चालन) कार्यविधि २०७७

(ख) कृषि कार्यक्रम सञ्चालन निर्देशिका कार्यविधि २०७७

(ग) पशु सेवा सञ्चालन निर्देशिका कार्यविधि २०७७

(घ) होमस्टे सञ्चालन कार्यविधि २०७७

**निर्णय नं. ५ प्रस्ताव नं. ५** माथि छलफल गर्दा यस कार्यालयका पूर्व कर्मचारी स्व. राजु विकको मृत्य पश्चात सो को परिवारले न्याय नपाएको भनी उत्तरगया गा.पा ४ नं वडा कार्यालय निजको परिवारबाट बन्द गराइएकोमा निज स्व. राजु विकको घर परिवारबाट यस गा.पा. ४ नं वडा अध्यक्ष श्री केशर बहादुर बुलुन माथि वडा कार्यलयमा प्रमुख प्रशासकीय अधिकृत र प्रहरी प्रशासनको उपस्थिति रहेको अवस्थमा मिति २०७७।१०।०८ गतेका दिन आक्रमण गरी अमानविय घृणीत कार्य गरेको हुनाले यस्तो कार्य प्रति घोर भत्सना गर्दै यस्तो कार्यमा संलग्न व्यक्तिको पहिचान गरि भविष्यमा कार्वही गरीने र सो को विज्ञप्ती निकाल्ने निर्णय गरियो ।

**निर्णय नं. ६ प्रस्ताव नं. ६** माथि छलफल गर्दा उत्तरगया गाउँपालिका पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिले पेश गरेको बहुक्षेत्रीय पोषण कार्यक्रमको बार्षिक कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

Scanned with CamScanner